मिति: २०८०/०१/१२

# पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्नातकोत्तरतह छात्रवृत्ति कार्यक्रमको केन्द्रिय प्रवेश परीक्षामा अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारहरुले ध्यानदिनुपर्ने कुराहरु !

**पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्नातकोत्तरतह कार्यक्रमहरुमा** नियमानुसार छात्रवृत्तिमा अध्ययन गराउन मिति २०८०/०१/१२ गतेदेखि अनलाइन फाराम भर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०८०/०१/२६ गतेसम्म रहने व्यहोरा सर्बप्रथम सम्बन्धित सबैको लागि जानकारी गराईन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website:https://pu.edu.np/academics/faculties/fst/admission-notice** अथवा **https://scholarship.pu.edu.np)** मा गई तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ

(१) सम्बन्धित लिङ्कमा गइ पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय केन्द्रिय प्रवेश परीक्षा (Scholarship and Fee Paying) को मिति २०८०/०१/११ गते प्रकाशित Detail Notice को राम्रो अध्ययन गर्नु होला ।

(२) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) यो लिङ्क **(https://scholarship.pu.edu.np)** मा अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

(३) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ ।

(४) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्न मिल्नेछ ।

(५) उम्मेदवारहरुले अनलाइन फारम भर्दा एउटै Gmail ID प्रयोग गरी भर्नुपर्नेछ । यदी फरक फरक Gmail ID प्रयोग गरी अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ।

(६) उम्मेदवारहरुले अनलाइन फारम भर्न शुरुमा प्रोफाइल सेटअप गर्दा शुरु स्टेपबाट अन्तिम स्टेपसम्म (Basic Information, Contact Information, Guardian Information, SLC/SEE Information, Quota Information, Intermediate Education Information and Bachelor Education Information) नछुटाइकन आफ्नो इमेलको पासवर्ड राखेर सेभ गर्दै जानुपर्छ र मात्र प्रोफाइल सेटअप हुन्छ । Quota Information मा भर्दा यदी उम्मेदवार Open कोटाको हो भने पनि आफ्नो सेभ पासवर्ड राखी सेभ गर्नुपर्छ । प्रोफाइल सेटअप भएपछि उम्मेदवारहरुले Scholarship Apply गरि हाल्नुपर्छ त्यसपछि मात्र उम्मेदवारहरुको अनलाईन फारम सम्बन्धित कर्मचारीहरुबाट verify गर्ने काम हुन्छ ।

(७) उम्मेदवार कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस पोखरा विश्वविद्यालयको अनुसूचि-२ को फरम्याटमा अनिवार्य पेश गुर्नपर्ने भएको हुदा अनुसूचि-२ को फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले उक्त फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस बनाई पेश गर्नुपर्ने छ ।

(८) अनलाइन फारम भर्ने उम्मेदवारहरुले Bachelor Level Pass भएको Transcript/Character छैन भने प्रथम सेमेष्टर देखि फाइनल सेमेष्टर भन्दा अघिका वा फाइनल सेमेष्टरसम्म पास भएको सबै सेमेष्टरका ग्रेडसीटहरुलाई स्क्यान गरी बनेको PDF File लाई JPG File मा सेभगरी अपलोड गर्नुपर्नेछ । File अपलोड गर्दा Transcript/Character नभएकोले Result मा Click गरी Pending गरेपछि File लाई 3rd Year / 7th Semester Marksheet भनेको ठाउँमा अपलोड गर्ने हुन्छ । उम्मेदवारहरु आफु अध्ययनरत रहेको शैक्षिक संस्थाबाट सम्पूर्ण सेमेष्टर (प्रथम देखि सातौं वा आठौं सेमेष्टर) पास भएको भनि सिफारिस गरिएको सिफारिस पत्रलाई पनि 3rd Year / 7th Semester Marksheet भनेको ठाउँमा अपलोड गर्न सकिन्छ । फाईनल वर्ष वा सेमेष्टरको प्रवेशपत्रलाई Final Year Admit Card भएको महलमा अपलोड गर्नुपर्छ । तर Transcript/Character छ भने Result मा Click गरी Passed गरेपछि फाईललाई फारम भर्ने ठाउँमा उल्लेख भएको Aggregate Marksheet को महलमा अपलोड गर्नुपर्छ । तर अनलाइन फारम भर्ने उम्मेदवारहरुले Transcript/Character नबुझाएको खण्डमा छनौट समितिबाट पास लिष्ट प्रकाशित गरेपछि तोकिएको मितिमा Transcript/Character बुझाउनुपर्छ । यदी तोकिएको मितिमा Transcript/Character नबुझाएमा सम्बन्धित उम्मेदवारलाई बाँकी छात्रवृत्ति प्रक्रियामा समावेश गरिनेछैन ।

(९)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

(१०) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा नियमानुसार फाराम रद्ध हुनेछ ।

पोखरा विश्वविद्यालय
विज्ञान तथा प्रविधि संकाय
स्नातकोत्तरतह छात्रवृत्ति छनौंट समिति, २०८०